कान्तिपुर बिहीबार २३ भदौ २०६२

# दीर्घकालीन रोगका लागि औषधि उत्पादन

**कान्तिपुर संवाददाता**

काठमाडौं, २२ भदौ- देउराली जनता फर्मास्युटिकल्सले दीर्घकालीन रोगको उपचारका लागि औषधि उत्पादन गरेको छ।

कम्पनीले आफ्नो नयाँ सुस्वास्थ्य डिभिजनमार्फत् मुटु, नसा, मधुमेह, मृगौला रोगजस्ता दीर्घकालीन रोगका लागि आवश्यक औषधिहरू यही महिनादेखि बजारमा ल्याएको हो।

राजधानीमा बुधबार आयोजित कार्यक्रममा कम्पनीका कार्यकारी निर्देशक हरिभक्त शर्माले अन्तर्राष्ट्रिय प्रविधिको प्रयोग गरेर स्वदेशमा नै उच्च गुणस्तरका औषधि उत्पादन गरेको बताउनुभयो। कम्पनीले उत्पादन गुणस्तर बनाउन २०५२ सालमा बंगलादेशको रेनाटा लिमिटेडसँग प्राविधिक हस्तान्तरण सम्झौता गरेको शर्माले जानकारी दिनुभयो। आयातलाई प्रोत्साहन गर्ने मुलुकको नीतिका कारण औषधि उद्योग फस्टाउन नसकेको आरोप पनि शर्माको छ। दुई वर्षदेखि कम्पनीले गरेको अध्ययन र अनुसन्धानको निचोडपछि यस्ता औषधि उत्पादन गरिएको हो, शर्माले भन्नुभयो- यसले अत्यावश्यक औषधिहरूमा मुलुकको परनिर्भरता कम गर्न सहयोग पुर्‍याउने छ।

डेढ दशकदेखि औषधि उत्पादनमा सक्रिय देउराली जनताले आईएसो १४००१ र ९००१ प्रमाणपत्र पाएको छ। यस्तै उच्च गुणस्तरीयका कारण कम्पनीका उत्पादनलाई डब्लूएचओ जीएमपी प्रमाणपत्र प्रदान पनि गरिएको छ।

यो कम्पनीले स्थिर सम्पत्तिमा १७ करोड १० लाख र चालु पुँजीमा १४ करोड ५ लाख रुपैयाँ लगानी गरेको छ। कम्पनीको झोल औषधि १० लाख लिटर, ट्याबलेट १० करोड, क्याप्सुल ७ करोड २० लाख वटा र ड्राइ पाउडर ३ लाख केजी प्रतिसिफ्ट उत्पादन गर्नसक्ने क्षमता छ। तर कम्पनीले कुल क्षमताको ६० प्रतिशत मात्र उत्पादन गर्दै आएको छ।

हाल बजारमा यसका ८० किसिमका उत्पादन बिक्री वितरण भइरहेका छन्। यो कम्पनीले दक्षिण एसियाली मुलुक र बाहिर उत्पादन निकासी गर्न नमुना परीक्षणका लागि पठाएको बताएको छ। हाल मुलुकमा करिब साढे ६ अर्ब रुपैयाँ बराबरको औषधिको कारोबार हुने गरेको छ।

यसमध्ये स्वदेशी उद्योगहरूले करिब ३० प्रतिशत हिस्सा ओगटेका छन्। मुलुकमा ४० वटा कम्पनीले औषधि उत्पादन गर्छन् भने यहाँ २ सय ५० कम्पनीका उत्पादन बिक्री वितरण हुँदै आएका छन्। औषधिको कुल कारोबारमा भारतीय कम्पनीको कारोबार बढी छ।